# जिल्लास्तरीय अन्तर मावि टेबलटेनिस न्यु होराईजनलाई २५ औ लियो टेबलटेनिसको उपाधि

स्वस्तिक श्रेष्ठ



बुटवल, १३ मंसिर-लियो क्लब अफ बुटवलको आयोजनामा सम्पन्न स्वर्गिय कृष्णदेवि बज्राचार्य स्मृति जिल्ला स्तरिय अन्तरमावि टेबलटेनिस प्रतियोगिता २०७८ को उपाधि न्यु होराईजन स्कुलले हात पारेको छ।

बुटवल टेबलटेनिस एकेडेमी देविनगरमा सोमबार भएको प्रतियोगितामा न्यु होराईजनले ३ स्वर्ण, ३ कास्य र ५ रजत पदक सहित प्रथम स्थान हासिल गर्न सफल भएको हो। यसैगरि गार्गी २ स्वर्ण, २ कास्यसहित दोस्रो तथा १ स्वर्ण १ कास्य र १ रजत पदक सहित ज्ञानोदय मावि तेस्रो भएको छ। प्रतियोगितामा उत्कृष्ट खेलाडी गर्ल्समा न्यु होराईजनकी प्रकृति राना, बोयजतर्फ गार्गीका प्रिन्स थापा, राईजिङ प्लेयर स्मृतिका कृशल देवकोटा, दिपकी प्रनिता केसी, बेष्ट डिसिप्लिन अवार्डबाट कान्ति मावि पुरस्कृत भएको छ।

ब्यायजतर्फ कक्षा १ देखि ५ मा सगरमाथाका सनम थापाले दीपका गुल्सन धवललाइ ३-२ को सेटमा पराजित गर्दै उपाधि हात पारे। यसैगरि दीपका सचिन पुरी र लुम्बिनीका सुलभ न्यौपाने तेस्रो भए। यसैगरि कक्षा ६ देखि ८ तर्फ गार्गीका रितिम गुरुङले ज्ञानोदयका हेमन्त केसीलाई ३-० को सोझो सेटमा पराजित गर्दै उपाधि हात पारे। न्यु होराईजनका सौरभ खड्का र सौरभ ज्ञवाली तेस्रो भए।

ब्यायजतर्फ कक्षा ९ देखि १२ तर्फ गार्गीका प्रिन्स थापाले होराईजनका प्रवेश बस्नेतलाई ४-१ को सेटमा पराजित गर्दै उपाधि हात पारे। खेलमा गार्गीका रितिम गुरुङ र न्यु होराईजनका रबिन सुनारी तेस्रो भए। डबल्सतर्फ न्यु होराईजनका प्रवेश बस्नेत र रबिन सुनारीको जोडीले गार्गिका रितिम थापा र प्रिन्स थापाको जोडीलाई ३-२ को सेटमा पराजित गर्दै उपाधि हात पारे। यसैगरि दीपका विश्व सुनार र सैलेश क्षेत्रीको जोडी तथा ज्ञानोदयका हेमन्त केसी र गौतम आचार्यको जोडी तेस्रो भए।

यसैगरि गर्ल्स कक्षा १ देखि ५ सम्मको खेलमा एपेक्सकी रोशनी भण्डारीले उपाधि हात पारिन। उनले दीपकी प्रनिता गिरिलाई ३-१ को सेटमा पराजित गरिन। स्मृतिकी रिया चौधरी र सगरमाथाकी सुचना सुनार तेस्रो भईन। गर्ल्स ६ देखि ८ कक्षासम्मको खेलमा ज्ञानोदयकी सिमरन राना प्रथम भईन। उनले एपेक्सकी निकिसा खरेललाई ३-१ को सेटमा पराजित गर्दै उपाधि हात पारिन। लुम्बिनीकी एन्जिला पुन र निसा खवास तेस्रो भईन।

गल्स ९ देखि १२ कक्षातर्फ न्यु होराइजनकी प्रकृति राना प्रथम भईन। उनले न्यु होराईजनकै दिपिका लामालाई ३-० को सोझो सेटमा पराजित गरेकि थिईन। यसैगरि दीपकी सचिता पुरी र न्यु होराईजनकी सबिना शाही तेस्रो भए। गर्ल्स डबल्सतर्फ न्यु होराईजनको प्रकृति राना र सेविका गिरिको जोडिले न्यु होराईजनकै दिपिका लामा र सविना शाहको जोडीलाई ३-० को सोझो सेटमा पराजित गर्दै उपाधि हात पारे। स्मृतिका निरुता ज्ञवाली र रिया चौधरी तथा दीपका सचिना पुरी र अनुष्का भण्डारीको जोडी तेस्रो भए।

एक कार्यक्रममा बिच संघका वरिष्ठ सल्लाहकार अर्जुनमान सैजु, जिल्ला टेबलटेनिस संघका अध्यक्ष सुरेन्द्र शाक्य, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजेन्द्र श्रेष्ठ, अखिल नेपाल राष्ट्रिय खेलकुद महासंघका प्रदेश अध्यक्ष विष्णु ढकाल, संघका उपाध्यक्ष नर बहादुर क्षेत्री, क्लबका अध्यक्ष रमेश न्यौपाने, संयोजक गणेश न्यौपानेले विजयी तथा उपविजेता खेलाडी तथा टिमलाई पुरस्कार वितरण गरेका छन।

कार्यक्रममा वरिष्ठ सल्लाहकार सैजुले टेबलटेनिसको खेलाडी उत्पादन गर्ने उवरभुमि बनेको बताए। विद्यालयस्तरमा खेलाडी उत्पादन गर्ने लक्ष्य अनुसार सफलता हात पार्न सफल भैरहेको भन्दै उनले निरन्तर प्रतियोगितामा भाग लिन सुझाव दिए।

समाजसेवी सुरेशरत्न बज्राचार्यले आफ्नो स्वर्गीय माता कृष्णदेवि बज्राचार्यको स्मृतिमा प्रतियोगितालाई आर्थिक सहयोग गरेका थिए। यसैगरि अक्षयकोषलाई थप नगद १५ हजार रूपैया समेत सहयोग गर्ने घोषणा गरेका छन। दुई दिने प्रतियोगिता आठ विद्यामा सम्पन्न भएको थियो जसमा रूपन्देहीका २५ विद्यालयका करिब ३ सय ५० बढि खेलाडीहरू भाग लिएका थिए।

# एमाले महाधिवेशन : वरिष्ठ उपाध्यक्ष, महासचिव र तीन उपमहासचिव निर्विरोध

चितवन, १३ मंसिर - नेकपा एमालेमा वरिष्ठ उपाध्यक्ष, एक महासचिव र तीन उपमहासचिव पदमा निर्विरोध निर्वाचित भएका छन्। चितवनमा जारी दसौं महाधिवेशनअन्तर्गत नेकपा एमालेको वरिष्ठ उपाध्यक्षमा ईश्वर पोखरेल, महासचिवमा शंकर पोखरेल, उपमहासचिवमा प्रदीप ज्ञवाली, पृथ्वी सुब्बा गुरुङ र विष्णु रिमाल निर्विरोध निर्वाचित भएका हुन। मनोनयनको म्याद सकिँदासमेत उक्त पदमा कसैको उम्मेदवारी नपरेपछि निर्विरोध भएको हो तर निर्वाचन आयोगले यसको औपचारिक घोषणा गर्न बाँकी छ।

५ पाँच क्लस्टरबाट १९ केन्द्रीय सदस्य निर्विरोध नेकपा एमालेको ३०१ सदस्यीय केन्द्रीय कमिटीमा पाँचवटा क्लस्टरका १९ जना नेता निर्विरोध केन्द्रीय सदस्य निर्वाचित भएका छन्। निर्वाचन आयोगले सार्वजनिक गरेको उम्मेदवारको पहिलो सूचीअनुसार भूगोलबाहेकका १६ वटा क्लस्टरमध्ये पाँचवटा क्लस्टरबाट १९ जना निर्विरोध निर्वाचित भएका हुन्। दलित महिला क्लस्टरबाट विष्णुमाया विक, रामरतिदेवी राम, शिवकुमारी गोतमे र सविता रसाइली निर्वाचित भएका छन्। मधेसी महिला क्लस्टरबाट कमलादेवी महता, जुलीकुमारी महतो, ज्वालाकुमारी साह, रीतादेवी शाह, शिला यादव र सरिताकुमारी गिरी (यादव) निर्वाचित भएका हुन।

थारु महिला क्लस्टरबाट गंगा चौधरी सत्गौबा, सरस्वती चौधरी, मञ्जुकुमारी चौधरी केन्द्रीय सदस्य निर्वाचित हुनुभएको छ। श्रमिक पुरुष क्लस्टरबाट विनोद श्रेष्ठ, रमेश बडाल, कमल गौतम र बाबुराम थापा तथा श्रमिक महिला क्लस्टरबाट मञ्जुकुमारी थापा मगर र सीता लामा निर्विरोध निर्वाचित भएका हुन।


## जो जससँग सम्बन्धीत छ

लुम्बिनी प्रेस क्लबसँग आर्थिक कारोबार तथा लेन देन भएकाहरुले यो सुचना प्रकाशित भएको मिति देखि १० दिन भित्रमा आ-आफ्ना बिल, भर्पाइ र सम्झौता सहित, कार्यालय समयमा लुम्बिनी प्रेस क्लवको कार्यालयमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गर्दछौं । समय अबधि पश्चात र रीत नपुगि आएका कुनैपनि बिल, भर्पाई र सम्झौतालाई मान्यता दिइने छैन ।

अनुरोधक:

कार्यालय सचिव
लुम्बिनी प्रेस क्लव
जनकपथ, भैरहवा रुपन्देही


# अन्डर १४ व्याडमिन्टन प्रतियोगिता

कोटिहवा, १३ मंसिर- नोबल बाल समुहले खुल्ला अन्डर १४, युगल र एकल पुरुष व्याडमिन्टन प्रतियोगिता मंसिर २५ आयोजना गर्ने भएको छ।

तिलोत्तमा १५, स्थित नोबल इन्भायरोमेन्ट एकेडेमी भित्र रहेको नोबल बाल समुहले विद्यालय स्तरमा व्याडमिन्टन खेलको प्रतियोगिता विरलै हुने भएकाले यस खेलमा विद्यालय स्तरमा व्यवसायीक रपमा प्रबेश गराउनको लागि प्रतियोगिता आयोजना गरिएको आयोजक समितिका संयोजक लेलिन रानाले बताए।

नोबल सटल इस्म्यास व्याडमिन्टन प्रतियोगितामा निर्णायकको भूमिकामा जीवन थापा छन्।

युगल छात्र तर्फ प्रथम पुरस्कार आठ हजार दोस्रो पुरस्कार पाँच हजार, तेस्रो पुरस्कार दुई हजार राखिएको छ भने एकल तर्फ प्रथम पाँच हजार, दोस्रो तीन हजार र तेस्रो एक हजार राखिएको आयोजक समितिले बताएकोछ।

प्रतियोगिता मंसिर २५ गते तिलोत्तमा १६ स्थित मधवलिया व्याडमिन्टन कर्वड हलमा हुनेछ।

# प्रेस युनियनद्वारा पदाधिकारीलाई सम्मान

सन्धिखर्क, १३ मंसिर - नेपाल प्रेस युनियन अर्घाखाँचीले नेपाली कांग्रेसको १४ औं जिल्ला अधिवेशनबाट नवनिर्वाचित पदाधिकारीहरूलाई एक कार्यक्रमका बीच सम्मान गरेको छ। बिपि स्मृति भवन सन्धिखर्कमा महाधिवेशनबाट नवनिर्वाचित पदाधिकारीहरूलाई स्वागत, सम्मान तथा बधाई कार्यक्रम सम्पन्न गरेको हो।

नवनिर्वाचित जिल्ला पार्टी सभापति केशव श्रेष्ठ सहित कार्यक्रममा नवनिर्वाचित पदाधीकारीहरूलाई बधाई ज्ञापन सहित स्वागत र सम्मान गरिएको हो। कांग्रेस सभापतिमा पराजित इन्द्रमणि पौडेलले विजयी सभापति केशव श्रेष्ठलाई हातमा फूलमाला दिएर खुसीयाली साटासाट गरेका थिए।

मंसिर ६ गते सम्पन्न कांग्रेसको १४ औं जिल्ला अधिवेशनबाट सभापतिमा केशव श्रेष्ठ विजयी भएका थिए।

यस्तै जिल्ला उपसभापतिमा विष्णुप्रसाद भुसाल , बाबुराम पौडेल, सचिवमा कृष्णप्रसाद खनाल, अच्युत गौतम, सहसचिवमा कमल पौडेल र मेघराज पाण्डे विजयी भएका छन्।


## Jhimruk Rural municipality
## Office of the Rural Municipal Executive
**Bhyagute, Pyuthan**
**Lumbini, Province, Nepal**

## Invitation for Bids for the Jhimruk Ring road Construction

**IFB No. JRM/NCB/WORKS/03/2078/079**

**Date of publication: 2078/08/14 (A.D.2021/11/30)**

1. Jhimruk Rural Municipality, Bhyagute, Pyuthan invites electronic bids from Nepalese eligible bidders for the construction of Jhimruk Ring Road under National Competitive Bidding procedures.

| S. N. | Contract ID No | Description of Work | Estimated Amount (With VAT) | Bid Security Amount | Bid Document Cost | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | JRM/NCB/ WORKS/ 03/2078/079 | Construction of Jhimruk Ring Road | 9710172.15 | 245000 | 3000 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Jhimruk Rural Municipality, Bhyagute, Pyuthan, mail address jhimrukmun@gmail.com mobile number 9866272250** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must purchase the bidding documents as mentioned above or within office hour of **2078/08/14 (A.D.2021/11/30)** from PPMO's Web Site https://bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of Three thousands of bidding document in the Office of the Rural Municipal Executive Jhimruk's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids

Name of the Bank: Citizens Bank International Ltd Jhimruk Branch
Name of Office: **Jhimruk Rural Municipality**
Dharuti Account no.: 0750100000136201
Rajaswa (revenue) no. : 0750100000001202

4. Bidders must submit their bid on or before 12:00 hrs on 2078/09/15 (A.D.2021/12/30) electronic through E-procurement section of PPMO's website www.bolpatra.gov.np/egp as specified in the Instruction to bidders. Documents received after deadline will not be accepted .
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2078/09/15 **(A.D.2021/12/30)** at the office of Jhimruk Rural Municipality, Bhyagute, Pyuthan. Bid security must be valid for a period of **120 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid. If Bidder's representative is/are not present at bid opening time,opening of bid shall not be postponded.
6. If the last date of purchasing, submission and opening on a government holiday, then the next working day shall be considered as the last date.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason whatsoever.

**Chief Administrative officer**



## Bhume Rural Municipality
## Office of the Rural Municipal Executive
**Khabangbagar, Rukum(East)**
**Lumbini Province, Nepal**

## INVITATION FOR BIDS

Invitation for Bids for procurement of Fabricated Steel Parts for Various Truss/Trail Bridges
Contract Identification No: EGP/ BRMO/TB/SQ/GOODS-6/2078-79, EGP/ BRMO/TB/SQ/ GOODS-7/2078-79, EGP/BRMO/TB/SQ/GOODS-8/2078-79, EGP/BRMO/TB/SQ/GOODS-9/2078-79 andEGP/ BRMO/TB/SQ/GOODS-10/2078-79
First Date of Publication: 2078/08/14 B.S (2021/11/30A.D)

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to Bhume Rural Municipality for **Trail/ Truss Bridge Program** and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail/ Truss Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Rural Municipalityinvites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Truss/ Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five Truss/Trail bridges within last five years and enlisted by DoLI (http://www.nepaltrailbridges.org.np/2015/fabricators) are eligible for bidding. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bhume Rural Municipality KhabangbagarRukum(East) Email address: bhumemun@gmail.com, phone:9808502023, 9824593456, 9813857804 or May visit: PPMO e-GP system www.bolpatra.gov.np/egp
5. Bidders can download Bidding documents for e-submission from PPMO's e-GP System **www.bolpatra.gov.np/egp.** Biddres, submitting their bids electronically should deposit non-refundable fee NRs. 1000.00(one thousand only/-) till 2078/09/01 B.S (2021/12/16 A.D).
6. The electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2078/09/01 B.S (2021/12/16 A.D). .bids received after this deadline will be rejected.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 on 2078/09/01 B.S (2021/12/16 A.D). at the office of Bhume Rural Municipality, Rukum (East) Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to a **minimum of 2.5 % of the total estimated amount (inclusive of VAT),** which shall be **valid for 30 days** beyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain th same as specified for the original last date of bid submission.
9. The name and identification of the contract are as follows:

| SQ ID | Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee (NP Rs.) |
|---|---|---|---|---|
| EGP/ BRMO/TB/ SQ/GOODS-6/2078-079 | Fabrication and supply of steel parts up to road heads of Panchasedovansteel Truss Bridge | 8,11,695.69 (Eight lakh eleven thousand six hundred ninety five rupee and sixty nine paisa only) | 21,000.00 (Twenty one thousand only) | 1000.00 (one thousand only) |
| EGP/ BRMO/TB/ SQ/GOODS-7/2078-079 | Fabrication and supply of steel parts up to road heads of DhanchahareTruss Bridge | 12,92,536.95 (Twelve lakh ninety two thousand five hundred thirty six rupee and ninety five paisa only) | 33,000.00 (Thirty three thousand only) | 1000.00 (one thousand only) |
| EGP/ BRMO/TB/ SQ/GOODS-8/2078-079 | Fabrication and supply of steel parts up to road heads of Khumarkhola Trail Bridge | 7,71,512.99( Seven lakh seventy one thousand five hundred twelve rupee and ninety nine paisa only) | 20,000.00 (Twenty thousand only) | 1000.00 (one thousand only) |
| EGP/ BRMO/TB/ SQ/GOODS-9/2078-079 | Fabrication and supply of steel parts up to road heads of Jumledunga Trail Bridge | 7,11,546.32 (seven lakh eleven thousand five hundred forty six rupee and thirty two paisa only) | 18,000.00 (Eighteen thousand only) | 1000.00 (one thousand only) |
| EGP/ BRMO/TB/ SQ/GOODS-10/2078-079 | Fabrication and supply of steel parts up to road heads of KhungkholaTruss Bridge | 14,60,069.19 (Fourteen lakh sixty thousand sixty nine rupee and nineteen paisa only) | 37,000.00 (Thirty seven thousand only) | 1000.00 (one thousand only) |

10. Information to bidders:

**To deposit for purchase bid document**
Name of the bank: Citizens International bank Ltd., Bhume Branch
Name of the office: Bhume Rural Municipality, Khabangbagar, Rukum (East)
Account Name and No.:GA 1.1 Bhume Ga.pa AantarikRajaswaKhata, 0780100000001202
**To deposit for bid Security**
Name of the bank: Citizens International bank Ltd., Bhume Branch
Name of the office: Bhume Rural Municipality, Khabangbagar, Rukum (East)
Account Name and No.: GA3Bhume Ga.pa DharautiKhata, 0780100000030201

11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative officer**



ट्वाईलेट सफा गराउनुहोस्
सबैभन्दा बढी क्षमता भएको
■ लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिनेछ ।
■ ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ ।
■ यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ ।
क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार
प्रो. रामशाह साहनी
बिशाल सेनेटरी
बर्मेली टोल-८, भैरहवा, मो.: 9847324755, 9804406297

ट्वाइलेट सफा गराउनु परेमा
सेफ्टी ट्याङ्की, रिङ्ग भरिएर वा सिटनाली जाम भएर समस्या छ? तपाइको समस्या ५ मिनेट मै समाधान गर्न शक्तिशाली भ्याकुमपम्पद्वारा स्तरीय सेवाका लागि हामीलाई सम्झनुहोस ।
सम्पर्क: गगन सेनेटरी
बुटवल-८, सुख्खानगर,
फोन: ९८६७०२१६१४, ९८१५४४७६४८, ९८०४४१३२८७

जनता इट्टा भट्टा उद्योग
"एक कलको भरमा सेवा तपाईको घरमा"
बलियो राम्रो र स्तरिय इट्टाको लागि सदैव सम्झनुहोस्।
सम्पर्क नं.
९८५७०२६८९०, ९८०२६२७७८६
मार्केटिङ्ग म्यानेजर सम्पर्क नं.
९८२५४७४६७८, ९८६९४७१३३९
शिवराज नगरपालिका-६ चन्द्रौटा धर्मनगर कपिलवस्तु

ट्वाइलेट सफा गराउनुहोस्
सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एक पटक सेवा गर्ने मौका दिनुहोस् ।
पाल्पाली मगर सम सेनेटरी
बुटवल-१७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०


बुटवल पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, प्रधान कार्यालय: बुटवल-६, तिलोत्तमा पथ, रूपन्देही, फोन: ०७१-५५४६४०, ५५४६४१, ५५४६४२, इमेल: newsbutwaltoday@gmail.com, addbutwaltoday@gmail.com, अध्यक्ष: हरि प्रसाद पौडेल, प्रबन्ध संचालक/प्रवन्ध सम्पादक : नवराज कुँवर, सम्पादक: कृष्ण मल्ल